# नेपाल सरकार
## उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
## जलस्रोत तथा सिंचाई विभाग
## यान्त्रिक व्यवस्थापन कार्यालय, बिरगंज, पर्सा

**मालसामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८२।०५।२२ गते)

**ठेक्का नं.: MMOB/SQ/GOODS/01/2082-83**

१. यसकार्यालयलाई आवश्यक पर्ने BOQ मा उल्लेखित बमोजिमका हेभि इक्वीपमेन्टको स्पेयर पार्टस सप्लाई गर्नका लागी योग्य तथा ईच्छुक फर्महरुले देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन कृपा राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक यो सूचना प्रकाशित गरिएको छ ।

२. सूचना प्रकाशित भएको मितिदेखी १५ औं दिनको कार्यालय समयभित्र दरभाउपत्रदाताले अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, मूल्य अभिवृध्दि कर (VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र, आ. व. २०८०।०८१ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र साथै दरभाउपत्र खरिद गर्न लाग्ने राजस्व दस्तुर रु १०००/- (फिर्ता नहुने) कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साको राष्ट्रिय वाणिज्य बैंक लि., बिरगंज शाखामा रहेको राजस्व खाता नं. १०००१००२०००१०००० राजस्व शीर्षक नं. १४२२९ यस कार्यालयको कार्यालय कोड ३०८०३२२०२ मा बुझाई वापत प्राप्त सक्कलै बैंक भौचर बुझाई दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

३. खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु दरभाउपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मितिदेखी १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ ।

४. दरभाउपत्र दाखिला गर्दा दरभाउपत्र जमानत वापतको रकम रु ४५,०००।०० कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साको राष्ट्रिय वाणिज्य बैंक लि., बिरगंज शाखामा रहेको धरौटी खाता नं. १२५०१००१०२०३०००० , यान्त्रिक व्यवस्थापन कार्यालय, बिरगंजको कार्यालय कोड नं. ३०८०३२२०२ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानीपत्र (Unconditional Bid Bond) दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ । बैंक जमानीपत्रको म्याद दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिदेखी कम्तिमा ७५ दिनको हुनुपर्नेछ ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो २:०० बजे दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर दरभाउपत्रदाताहरु तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन्।

६. रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

७. दर्ता हुन आएका दरभाउपत्रहरु स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यसकार्यालयमा सूरक्षित रहने छ ।

८. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

१०. अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क गर्न सकिने छ ।